# संसदीय प्रस्तावको प्रभावकारिताः चुनौती र सम्भावना



ध्रुवप्रसाद घिमिरे [*]

**सारांश**

*संसदका सदस्यले सार्वजनिक महत्त्वका विषयमा छलफल गरी कुनै कदम चाल्न औपचारिक रूपमा पेश गरेको विचार, धारणा वा मतलाई प्रस्ताव भनिन्छ । कानून निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्नु, जनताको प्रतिनिधित्व गर्नु, सरकारका कामकारवाहीहरूको निगरानी गर्नु तथा सरकारलाई समुचित नियन्त्रण गरी संसदप्रति जवाफदेही र उत्तरदायी बनाउनु प्रस्तावको प्रमुख उद्देश्य हो । विनाप्रस्ताव संसदमा कुनै पनि विषय प्रवेश गर्न र निर्णयार्थ प्रस्तुत हुन नसक्ने हुनाले संसदीय प्रक्रियामा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रस्तावको प्रकृति, स्वभाव र विषयवस्तु, निर्णयार्थ प्रस्तुत हुने वा नहुने तथा संसदको विभिन्न कार्यका आधारमा प्रस्तावलाई विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ । संसदले निर्माण गरेको कानूनको आधारमा मात्र संसदीय कार्यको प्रभावकारितालाई मापन गरियो भने त्यस्तो मूल्याङ्कन एकाङ्गी बन्न पुग्दछ । सरकारका कामकारवाहीहरूको निगरानी गरी संसदप्रति उत्तरदायी बनाउन पेश गरिने प्रस्तावको सङ्ख्या र गुणस्तरले पनि संसदीय कार्यको आयतन बढाउन त्यतिकै भूमिका निर्वाह गर्दछन् । संघीय संसदका हालसम्म सम्पन्न अधिवेशनहरूमा दर्ता र पेश भएका प्रस्तावको सङ्ख्या निराशाजनक देखिन्छ । सांसदहरूले संसदीय कार्यमाभन्दा आफ्नो निर्वाचन क्षेत्रमा बजेट र योजना पार्ने जस्ता विषयमा बढ्ता ध्यान दिने, दर्ता भएका प्रस्तावले पनि छलफलका लागि उचित अवसर नपाउने र पेश भएका प्रस्तावप्रति सरकारले समुचित ध्यान र प्रतिक्रिया नदिने कारणले पनि प्रस्तावको प्रभावकारिता खस्किरहेको पाइन्छ । तसर्थ, संसदीय कार्यमा पुऱ्याएको योगदानका आधारमा सांसदको भूमिकाको मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने, संसदीय पद्धति र प्रक्रियाबारेमा सांसदलाई समुचित अभिमुखीकरण गर्ने तथा प्रस्तावप्रति सरकारको ध्यान र प्रतिकृयाहरूमा वृद्धि गर्ने जस्ता उपायहरूलाई अवलम्बन गरी संसदीय प्रक्रियामा सांसदको भूमिकालाई सङ्ख्यात्मक तथा गुणात्मक वृद्धि गरिनुपर्ने चुनौती र खाँचो टड्कारो देखिएको छ ।*

---

[*] सचिवालय सचिव, संघीय संसद सचिवालय

**अर्थ र परिभाषा**

कुनै व्यक्ति वा संस्थासमक्ष छलफल वा स्वीकृतिका लागि प्रस्तुत कुनै कार्य, योजना वा विचारलाई सामान्यतया प्रस्ताव भनेर बुझिन्छ । नेपाली शब्दकोशले पनि "कुनै कार्य वा उद्देश्यका लागि कुनै सभा, समिति वा समाजसमक्ष प्रस्तुत गरिएको योजना वा विचार" लाई प्रस्ताव भनेर अर्थ्याएको छ ।

संसदीय पद्धतिमा प्रस्तावलाई संसदको कुनै सदस्यले सभासमक्ष औपचारिक रूपमा प्रस्तुत गरेको विचार, धारणा वा मतको रूपमा लिइन्छ । यसरी प्रस्ताव पेश गर्दा सभाले त्यो विषयमाथि छलफल गरी कुनै ठोस कदम चालोस् भन्ने उद्देश्य राखिएको हुन्छ । Robert's Rule of Order (Newly Revised), The Standard Code of Parliamentary Procedure मा पनि प्रस्तावलाई "A motion is a formal proposal proposed by member of a deliberative assembly that the assembly take certain action." भनेर परिभाषित गरेको पाइन्छ । प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २ को परिभाषाको क्रमशः खण्ड (च) र (छ) मा प्रस्तावलाई "सम्बन्धित सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव" को रूपमा परिभाषित गरिएको छ । यसर्थ, संसदको बैठकमा सदस्यहरूद्वारा प्रस्तुत गरिएको औपचारिक विचार वा मतलाई संसदीय प्रस्ताव भनेर बुझ्नु पर्दछ । कुनै खास सार्वजनिक महत्त्वका विषयमा छलफल गरी आवश्यक कदम चाल्ने उद्देश्यले यस्ता प्रस्ताव पेश गरिन्छ ।

**Motion र Resolution बीचको भिन्नताः**

विभिन्न मुलुकमा प्रस्तावलाई कतै Motions त कतै Resolutions भन्ने गरिएको छ । कतिपय विद्वानले यी दुवैलाई समानार्थी शब्दका रूपमा प्रयोग गरेको पनि पाइन्छ । तर यी समानार्थी शब्द भने होइनन् । Motions शब्दले सभाको विचारार्थ प्रस्तुत कुनै प्रस्तावलाई बुझाउँछ । त्यस्तो प्रस्ताव मौखिक पनि हुन सक्दछ । सबै Motions ले सभाको सामूहिक विचार निर्माण गर्न पनि सक्दैनन् । तर Resolutions ले सभासमक्ष प्रस्तुत यस्तो प्रस्तावलाई बुझाउँछ जसमाथि उभिएर सभाले आफ्नो सामूहिक विचार वा धारणाको निर्माण गर्दछ । Resolutions मौखिक रूपमा पेश गर्न सकिँदैन । यो सदैव लिखित र औपचारिक हुने गर्दछ । तसर्थ, सबै Resolutions हरू Motions हुन् तर सबै Motions हरू Resolutions बन्न सक्दैनन् भन्न सकिन्छ ।

**प्रस्तावको उद्देश्य र महत्त्व**

प्रस्ताव आफैंमा संसदीय कार्य होइन । सांसदको व्यक्तिगत विचार वा मतलाई सभाको सामूहिक विचार वा मतमा रूपान्तरण गर्ने एउटा माध्यम हो । संसदका विभिन्न कार्यमा सघाउ पुऱ्याउने औजार वा माध्यमका रूपमा उपयोग हुनु नै प्रस्तावको प्रमुख उद्देश्य हो ।

संसदीय पद्धति र प्रक्रियामा प्रस्तावले अहम् भूमिका निर्वाह गर्दछ । प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम क्रमशः ६१ र ५६ मा कुनै पनि विषयमाथि प्रस्तावविना बैठकमा छलफल गर्न नसकिने प्रावधान छ । प्रश्न, सूचना र प्रतिवेदनबाहेक अन्य कुनै पनि विषय विनाप्रस्ताव संसदमा प्रवेश गर्नै पाउँदैनन् । विनाप्रस्ताव कुनै पनि विषय सभामा निर्णयार्थ प्रस्तुत हुन पनि सक्दैन । कानून निर्माण गर्नु, जनताको प्रतिनिधित्व गर्नु, सरकारका कामकारवाहीको निगरानी गर्नु र सरकारलाई समुचित नियन्त्रण गरी संसदप्रति उत्तरदायी बनाउनु संसदका प्रमुख कार्य हुन् । यसको साथै संसदले जाँचबुझ, छानविन र अन्य आन्तरिक व्यवस्थापनसम्बन्धी कामहरू पनि गर्नु पर्दछ । यी सबै कार्यको ढोका प्रस्तावले नै खोल्दछ । संसदले गर्ने कुनै पनि कार्य प्रस्तावविना अगाडि बढ्न सक्दैन ।

**प्रस्ताव सम्बन्धी शर्त र अन्य प्रक्रियागत व्यवस्था**

उल्लेखित नियमावलीहरूको नियम क्रमशः ७२ र ६७ मा प्रस्तावसम्बन्धी शर्तको व्यवस्था गरिएको छ । देहायको कुनै कुरा रहेको प्रस्ताव स्वीकार्य नहुने हुनाले प्रस्ताव दर्ता गर्न चाहने सांसद र कार्य व्यवस्था शाखामा खटिएका कर्मचारीहरूले यसमा विचार पुऱ्याउनु पर्दछः-

- संविधानको धारा १०५ अनुसार कुनै अदालतमा विचाराधीन मुद्दाहरूका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यसम्बन्धी विषय,
- संविधानको व्यवस्था विपरीत हुने विषय,
- एकभन्दा बढी विषय समावेश भएको, विषयवस्तु अस्पष्ट वा अनिश्चित भएको, अशिष्ट भाषा प्रयोग गरिएको, कोरा तर्क, अनुमान, व्यङ्ग्योक्ति, असम्बद्ध, आक्षेपयुक्त वा अरू कुनै अनुमानित वा आपत्तिजनक कुरा रहेको,
- कुनै व्यक्तिले व्यक्तिगत हैसियतले गरेको कामसम्बन्धी आचरणको उल्लेख गरेको,
- सभा वा कुनै समितिको निर्णय र संसदमा विचाराधीन विषयको आलोचना गरेको,
- न्यायिक, अर्धन्यायिक निकाय वा अधिकारी वा कानून बमोजिम गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,

- चालु अधिवेशनमा भइसकेको छलफललाई दोहोऱ्याउने विषय,
- छलफल गर्दा राष्ट्रिय सुरक्षा, अखण्डता वा कूटनीतिक सम्बन्ध जस्ता संवेदनशील विषयमा आँच आउन सक्ने भनी मन्त्रिपरिषद्बाट प्रमाणित भएको विषय ।

सभामुख वा अध्यक्षले स्वीकृत वा अस्वीकृत गर्न सक्ने, छलफल गर्ने दिन र समयावधि सभाध्यक्षले तोक्ने, पेश नगरिएको प्रस्ताव स्वतः निष्क्रिय हुने, उही विषयमा अन्य प्रस्ताव वा संशोधन पेश गर्न नपाइने, दर्ता भइसकेको प्रस्ताव सभामुखको अनुमति लिई लिखित निवेदनद्वारा फिर्ता लिन सकिने, सभाध्यक्षको अनुमति लिई धन्यवाद ज्ञापन गर्ने, बैठक स्थगित गर्ने, बधाई दिने वा शोक प्रकट गर्ने, छलफल स्थगित र समाप्त गर्ने जस्ता प्रस्तावहरू सूचनाविना पनि पेश गर्न सकिने, त्यस्ता प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन नपाइने जस्ता प्रस्तावसम्बन्धी प्रक्रियागत व्यवस्था उल्लेखित नियमावलीहरूको क्रमशः परिच्छेद १० र ९ मा गरिएको पाइन्छ ।

**प्रस्तावका किसिम वा प्रकार**

विभिन्न मुलुकमा विभिन्न खाले प्रस्तावहरूको अभ्यास भइरहेको पाइन्छ । संयुक्त अधिराज्य बेलायतको संसदीय पद्धतिमा स्वतन्त्र अस्तित्व भएका र सभामा छुट्टै Business निर्माण गर्ने Main Motions, अन्य प्रस्तावमाथि आश्रित Subsidiary Motions, अत्यन्त जरुरी सार्वजनिक महत्त्वका विषयमा पेश गरिने Privileged Motions, सभामा आकस्मिक आइपर्ने विषयमा पेश गरिने Incidental Motions तथा एकपटक छलफल भइसकेका विषयलाई पुनः छलफलमा ल्याउने Restorative Motions गरी पाँच प्रकारका प्रस्तावको प्रयोग भएको देखिन्छ । स्वतन्त्र वा छुट्टै विषय उठान गर्ने Substantive Motions, कुनै प्रस्तावलाई प्रतिस्थापन गर्ने Substitution Motions र अन्य प्रस्तावमाथि निर्भर वा सम्बन्धित Subsidiary Motions गरी भारतमा तिन किसिमका प्रस्तावहरूको अभ्यास रहेको पाइन्छ ।

नेपालको संघीय संसदमा विभिन्न प्रस्तावहरू प्रचलित छन् । संसदीय कार्य, प्रस्तुतकर्ता सदस्य, निर्णयार्थ प्रस्तुत हुने वा नहुने, उठान गर्ने विषयवस्तुको गाम्भीर्यता र महत्त्वजस्ता विभिन्न आधारमा प्रस्तावलाई वर्गीकरण गर्ने गरिएको छ । संसदले गर्ने विभिन्न कार्यका आधारमा प्रस्तावलाई देहायअनुसार वर्गीकरण गर्न सकिन्छः-

**१. कानून निर्माण गर्ने कार्यमा प्रयोग गरिने प्रस्ताव**

संसदको प्रमुख कार्य कानून निर्माण गर्नु हो । कानूनको मस्यौदाको रूपमा विधेयक पेश गरिन्छ । संसदका विभिन्न चरणमा हुने छलफल र अनुमोदनपछि मात्र विधेयकले ऐन बन्ने अवसर पाउँछन् । सभामा प्रस्तुत गर्न अनुमति माग्ने, विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने, जनताको

प्रतिक्रियाको लागि प्रचार गर्ने, सम्बन्धित समितिमा दफावार छलफल गर्ने वा सभा मै दफावार छलफल गर्ने, समितिको प्रतिवेदनसहितको विधेयकमाथि छलफल गर्ने, विधेयकलाई पारित गर्ने, अध्यादेशलाई स्वीकृत वा अस्वीकृत गर्ने, कुनै सन्धि वा सम्झौता अनुमोदन वा अस्वीकृत गर्नेजस्ता कानून निर्माणका विभिन्न कार्यहरू प्रस्ताव मार्फत् नै हुन्छन् ।

**२. जनताको प्रतिनिधित्व गर्ने कार्यमा प्रयोग हुने प्रस्ताव**

जनताको प्रतिनिधित्व गर्नु संसदको अर्को प्रमुख कार्य हो । सिद्धान्ततः संसदले गर्ने प्रत्येक कार्यमा जनताको प्रतिनिधित्व हुन्छ । तथापि, प्रत्यक्ष जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउने कतिपय कार्यहरू शून्य समय, विशेष समय र प्रश्नोत्तर जस्ता औजारहरूको अलावा निम्नानुसारका प्रस्तावमार्फत् हुने गर्दछन्ः-

**(क) ध्यानाकर्षण**

उल्लेखित नियमावलीहरूको क्रमशः नियम ७२, ६६ मा ध्यानाकर्षणको व्यवस्था गरिएको पाइन्छ । ती नियमहरूमा कुनै सदस्यले सभामुख वा अध्यक्षको पूर्वस्वीकृति लिई सार्वजनिक महत्त्वको विषयमाथि सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न सक्ने, एक दिन अगावै सूचना दिनुपर्ने, मन्त्रीले चाहेमा तत्काल बैठकमा जवाफ दिन वा कुनै अर्को दिनको लागि समय माग गर्न सक्ने, प्रस्तावको सूचीमा नाम भएका अन्य सदस्यले स्पष्टीकरण माग गर्नसक्ने, मन्त्रीद्वारा अन्त्यमा जवाफ दिइने, जवाफ दिएपछि त्यसमाथि छलफल नगरिने, एउटा ध्यानाकर्षणमा बढीमा तीनजनाको नाम समावेश गरिने, एउटा बैठकमा एकजनाले एक पटक मात्र ध्यानाकर्षण गर्न पाउने र एउटा बैठकमा दुई पटकभन्दा बढी ध्यानाकर्षण गर्न नपाइने व्यवस्था छ ।

**(ख) जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव**

उपरोक्त नियमावलीहरूको नियम ७१ र ६५ मा जरूरी सार्वजनिक महत्त्वको प्रस्तावको व्यवस्था छ । ती नियमहरूमा कुनै सदस्यले जरूरी सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न त्यससम्बन्धी प्रस्तावको सूचना बैठकको दुई घण्टा अगावै सभाको सचिवलाई दिनुपर्ने, कम्तीमा दुईजना सदस्यले समर्थन गर्नुपर्ने, छलफलको कारण स्पष्ट उल्लेख गर्नुपर्ने, सभाध्यक्षबाट स्वीकृत हुनुपर्ने, मन्त्रीसँग परामर्श गरी छलफलको दिन र समय तोकिने, बढीमा दुई घण्टाको समय तोकिने, सभाध्यक्षले प्रस्तावकको नाम लिएपछि प्रस्तावकले संक्षिप्त वक्तव्य दिने, त्यसपछि छलफलमा भाग लिने सदस्यलाई समय दिइने र उठेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिने प्रावधान रहेको छ ।

बाढी, पहिरो, खडेरीजस्ता प्राकृतिक प्रकोप, खाने पानीको अभाव, सुकुम्बासी समस्या, रुग्ण हुँदै गएका उद्योग कारखाना, बाटोको समस्या, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा जनतालाई परेका दुःख, पीडा र मर्काका विषयहरूमा सरकारको ध्यानाकर्षण गर्न जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव र ध्यानाकर्षण पेश गर्ने गरिएको पाइन्छ । यी प्रस्तावमार्फत् सांसदले आफ्ना निर्वाचन क्षेत्रका जनताको प्रत्यक्ष रूपले प्रतिनिधित्व गर्दछन् । सरकारले पनि त्यस्ता विषयमा तत्काल पहल गरी जन दायित्व निर्वाह गर्ने अवसर पाउँछ ।

### ३. सरकारका कामकारवाहीलाई अनुगमन गर्न प्रयोग गरिने प्रस्ताव

सरकारका कामकारवाहीलाई शूक्ष्म रूपले निगरानी गरी संसदप्रति जवाफदेही तथा उत्तरदायी बनाउनु संसदको अर्को महत्त्वपूर्ण कार्य हो । आधुनिक समयमा सरकारका कामकारवाहीको शूक्ष्म रूपले अनुगमन, मूल्याङ्कन गरी निगरानी गर्ने कार्य संसदीय समितिले गर्दछन् । यस सन्दर्भमा सभाबाट गरिने कतिपय कार्यहरू निम्न प्रस्तावमार्फत् हुने गर्दछन्ः

**(क) स्थगन प्रस्ताव**

देशमा तत्काल घटेको घटना वा सरकारको उत्तरदायित्वभित्रको अत्यन्त जरुरी सार्वजनिक महत्त्वको विषयमा छलफल गर्न बैठकमा चलिरहेको कार्यक्रम स्थगित गरियोस् भनी यो प्रस्ताव पेस गरिन्छ । यसैगरी उल्लेखित नियमावलीहरूको परिच्छेद क्रमशः १२ र ११ मा स्थगन प्रस्तावको कार्यविधिगत व्यवस्था गरिएको छ । यस्तो प्रस्ताव सभाध्यक्षको अनुमतिले पेश गर्न सकिने, सभाध्यक्षले अस्वीकृत गरेमा कारणसहितको जानकारी प्रस्तावकलाई दिन सकिने, बैठक सुरु हनु दुई घण्टा अगावै सभाको सचिवलाई सूचना दिनुपर्ने, सूचनाको एक/एक प्रति सभाध्यक्ष, विषयसँग सम्बन्धित मन्त्री र संसदीय मामिला मन्त्रीलाई दिनुपर्ने, यस्तो सूचना एक बैठकमा एकभन्दा बढी पेश गर्न नपाइने, नाम लिएपछि प्रस्तावकले पेश गर्न अनुमति माग्ने, कुनै सदस्यले विरोध गरेमा प्रस्तावको समर्थनमा रहनेलाई उभिने आदेश दिइने, प्रतिनिधि सभाको हकमा कम्तीमा २८ जना र राष्ट्रिय सभाका हकमा कम्तीमा ६ जना उभिएमा अनुमति पाएको मानिने, छलफल गर्न सोही दिनको कुनै समय तोक्न सकिने, छलफल पर्याप्त भएको लागेमा छलफल समाप्त भएको घोषणा गरिने र उक्त प्रस्तावलाई निर्णयार्थ पेश गर्ने प्रावधान रहेको छ । भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण भएको धन-जनको क्षति, हत्या वा हिंसाका घटना, आगजनीका घटनाजस्ता अत्यन्त जरुरी सार्वजनिक महत्त्वका विषयमा छलफल गर्न यो प्रस्ताव पेश गर्ने अभ्यास छ ।

**(ख) सङ्कल्प**

उल्लिखित नियमावलीहरूको परिच्छेद क्रमशः १३ र १२ मा सङ्कल्पको व्यवस्था गरिएको छ । सार्वजनिक महत्त्वको विषयमा राय वा सिफारिस प्रकट गर्न, सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न, कुनै सन्देश वा निर्देशन दिन र सभाध्यक्षले उपयुक्त र आवश्यक ठहऱ्याएको अन्य विषयमा सङ्कल्प पेश गर्न सकिने, प्रस्तुतकर्ताले सूचना सचिवलाई दिनुपर्ने, दर्ता भएको सात दिनपछि छलफल गर्न सकिने, मन्त्रीको सङ्कल्प तीन दिन पछि छलफल गर्न सकिने, मन्त्रीबाहेक अन्य कुनै सदस्यले सभामुखको अनुमति नलिई एउटै अधिवेशनमा तीनभन्दा बढी सङ्कल्पको सूचना दिन नपाउने, सभाध्यक्षले स्वीकृत वा अस्वीकृत गर्ने, स्वीकृत सङ्कल्पको प्रति पेश हुने दुई दिन अगावै वितरण गरिने, एउटा बैठकमा एक सदस्यको एकभन्दा बढी सङ्कल्प कार्यसूचीमा नराखिने, एक बैठकमा दुईभन्दा बढी सङ्कल्प नराखिने, पेश नगरिएको सङ्कल्प फिर्ता लिएको मानिने, संशोधन पेश गर्न सकिने, पहिले संशोधनको निर्णय गरी सङ्कल्पमा निर्णय गर्ने, सचिवले स्वीकृत सङ्कल्पको प्रति मन्त्रिपरिषद् र सम्बन्धित मन्त्रीलाई पठाउने तथा मन्त्रीले कार्यान्वयन गरी सोको र कार्यान्वयन हुन नसकेकोमा कारणसहितको जानकारी तत्काल सचिवालयमा पठाउनुपर्ने व्यवस्था छ ।

स्थगन प्रस्ताव र संकल्पमार्फत् सांसदको व्यक्तिगत विचार संसदको सामूहिक विचार बन्दछ र यसलाई कार्यान्वयन गर्न सरकार बाध्य हुन्छ । यसरी एउटा सांसदको व्यक्तिगत विचार सार्वजनिक नीति बन्नपुग्दछ ।

**(ग) खर्च कटौतीको प्रस्ताव**

यो सरकारको वित्तीय नीतिको निगरानी गर्ने संसदीय औजार हो । उपरोक्त नियमावलीहरूको पच्छिेद-१७ तथा १६ मा यो प्रस्तावको व्यवस्था छ । विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफल सकिएपछि कुनै एक शीर्षकको एक मन्त्रालयमा एउटा दल वा स्वतन्त्र सदस्यको तर्फबाट एक/एक वटामा नबढ्ने गरी खर्च कटौतीको प्रस्ताव पेश गर्न पाइन्छ । कुनै शीर्षकमा निहित नीतिमाथि असहमति प्रकट गर्न खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी, कुनै शीर्षकमा विनियोजन गरिएको रकममा मितव्ययिता कायम गर्न खर्च रकममा उल्लेखित खर्च रकम घटाइयोस् भनी तथा कुनै विषयमा चित्त नबुझेको विषय प्रकट गर्न शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी तीन प्रकारका खर्च कटौतीका प्रस्ताव पेश गर्न सकिन्छ । यस्तो प्रस्तावमाथि भएको छलफल सकिएपछि निर्णयार्थ प्रस्तुत गर्ने व्यवस्था छ ।

संसदीय व्यवस्था अवलम्बन गरेका मुलुकमा प्रतिनिधि सभा अर्थात् आम निर्वाचनबाट गठन हुने तल्लो सभामा सत्तारुढ दलको सदैव बहुमत कायम रहने हुनाले यस्ता खर्च कटौतीको प्रस्ताव पारित हुने सम्भावना रहँदैन । आजसम्मको नेपालको संसदीय इतिहासलाई नियाल्दा पनि यस्तो प्रस्ताव पारित भएको पाइँदैन । त्यसैले विनियोजन विधेयक र समग्र बजेटमा एक रुपैयाँ पनि थपघट नहुने गरी गरिने लामो छलफलको औचित्यमाथि विभिन्न कोणबाट टिकाटिप्पणी भने हुने गरेको पाइन्छ ।

**४. सरकारलाई नियन्त्रण गरी संसदप्रति जवाफदेही बनाउने कार्यमा प्रयोग हुने प्रस्ताव**

सरकारमाथि समुचित नियन्त्रण कायम गरी संसदप्रति उत्तरदायी तुल्याउनु संसदको चौथो महत्त्वपूर्ण कार्य हो । कार्यपालिका सदासर्वदा व्यवस्थापिकाप्रति उत्तरदायी हुनु पर्दछ । कुनै पनि देशको शासन प्रणाली कति लोकतान्त्रिक छ भन्ने कुराको मापन त्यस देशको कार्यकारिणी संसदप्रति कति जवाफदेही र उत्तरदायी छ भन्ने कुराले निर्धारण गर्दछ । यस कार्यमा निम्नानुसारका प्रस्तावहरू प्रयोग हुन्छन्ः-

**(क) विश्वासको मतको प्रस्ताव**

यो प्रस्ताव प्रधानमन्त्रीले मात्र पेश गर्न सक्दछन् । नेपालको संविधानको धारा ७६ र १०० अनुसार प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नभएको अवस्थामा निर्माण हुने सरकारका प्रधानमन्त्रीले सरकार गठन भएको ३५ दिनभित्र र सत्तारुढ दल विभाजित भएमा वा सरकारमा सहभागी भएको दलले समर्थन फिर्ता लिएमा त्यस्तो विभाजन भएको वा समर्थन फिर्ता लिएको ३५ दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत लिइसक्नुपर्ने व्यवस्था छ । यसैगरी आफूमाथि प्रतिनिधि सभाको विश्वास रहेको प्रमाणित गर्न आवश्यक ठानेमा प्रधानमन्त्रीले कुनै पनि बेला प्रतिनिधि सभाबाट विश्वासको मत लिन सक्दछन् । यस्तो प्रस्ताव सभाको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित भएमा सरकारप्रति सभाको विश्वास रहेको मानिन्छ । संसदीय व्यवस्थामा प्रतिनिधि सभा अर्थात् जन निर्वाचित प्रतिनिधिहरू सम्मिलित सभाको विश्वास रहुञ्जेलमात्र सरकार सत्तामा रहन्छ ।

**(ख) अविश्वासको प्रस्ताव**

संसदीय व्यवस्थामा सरकारको निर्माण संसदबाट हुन्छ र सरकार सदैव संसदप्रति जवाफदेही तथा उत्तरदायी हुनु पर्दछ । संसद जनताका प्रतिनिधिहरूबाट निर्माण हुने थलो हो । जनताका इच्छा र चाहना संसदमा प्रतिविम्बित भएको अनुमान गरिन्छ । जनताको इच्छा, भावना र चाहना विपरीत कार्य गर्ने सरकारलाई संसदले अविश्वासको प्रस्तावमार्फत् हटाउन सक्दछ ।

नेपालको संविधानको धारा १०० मा प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको एकचौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्ने, प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेश गर्न नसकिने, यस्तो प्रस्ताव पेश गर्दा प्रधानमन्त्रीका लागि प्रस्तावित सदस्यको नामसमेत उल्लेख गरेको हुनुपर्ने तथा यसरी पेश भएको अविश्वासको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने प्रावधान रहेको छ ।

सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने सबैभन्दा कडा र सशक्त संसदीय औजारको रूपमा यसलाई लिइन्छ । यसको दुरूपयोग हुने सम्भावना पनि त्यतिकै रहन्छ । देश र जनताको हितको प्रतिकूल चल्ने सरकारका विरुद्धमा प्रयोग गरिनुपर्ने यस्तो औजारलाई विगतमा सत्तामा जाने अङ्कगणितीय भऱ्याङ्गको रूपमा प्रयोग भएका दृश्यहरू अतितका गर्भबाट ओझेल भइसकेका छैनन् । सोही अप्रिय कालखण्डबाट शिक्षा लिँदै प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेश गर्न नसकिने प्रावधान नयाँ संविधानमा राखिएको हुनु पर्दछ ।

**(ग) महाअभियोग प्रस्ताव**

नेपालको संविधानको धारा १०१ मा प्रतिनिधि सभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइले राष्ट्रपति वा उपराष्ट्रपति तथा नेपालको प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य र संवैधानिक निकायका पदाधिकारी विरूद्ध महाअभियोग प्रस्ताव पेश गर्न सक्ने प्रावधान छ । यसको अतिरिक्त प्राप्त उजुरीका आधारमा उक्त सभाका तीनजना सदस्यले प्रमाणित गरी महाभियोग सिफारिस समितिमा पेश गर्ने र सो समितिले छानविन गरी महाअभियोगका लागि उक्त सभामा सिफारिस गरेमा पनि नेपालको प्रधान न्यायाधीश लगायतका संवैधानिक निकायका पदाधिकारीविरुद्ध महाभियोगको प्रस्ताव पेश हुन सक्ने प्रावधान सोही धारामा देखिन्छ । राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध पेश भएको महाअभियोग प्रस्ताव संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले र प्रधान न्यायाधीश लगायतका पदाधिकारीविरुद्धको महाअभियोग प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारी पदमुक्त हुने संवैधानिक व्यवस्था छ ।

### ५. संसदका आन्तरिक कामकारवाहीमा प्रयोग हुने प्रस्ताव

सभाका नियमावली निर्माण गर्ने, सभाको कार्यमा सघाउ पुऱ्याउन विभिन्न समितिहरू गठन गर्ने, बैठक वा छलफल स्थगित गर्ने, बैठकको अवधि बढाउने, छलफल समाप्त गर्ने, धन्यवाद दिने, शोक प्रकट गर्ने, नियम निलम्बन गर्नेजस्ता आन्तरिक व्यवस्थापनका कामहरू संसदले गर्नुपर्ने हुन्छ । यस्ता कामहरू पनि प्रस्तावबाटै हुन्छन् ।

### ६. अनुसन्धान र जाँचबुझसम्बन्धी कार्यमा प्रयोग हुने प्रस्ताव

संसदका पदाधिकारी तथा सदस्यको आचारसंहिताको आचरण अनुगमन गरी संसदमा अनुशासन कायम गर्ने, संसदको विशेषाधिकार हनन भएमा समितिमार्फत् छानविन गरी आवश्यकतानुसार सजाय दिने, पद अनुकूल आचरण नगर्ने सभामुख, अध्यक्ष, उपसभामुख पदमुक्त गर्ने कारवाही अगाडि बढाउने र देशमा घटेका गम्भीर घटनाको अनुसन्धान वा छानविन गर्ने जस्ता कार्य यसमा पर्दछन् । यस्ता कार्यको पहल पनि प्रस्तावबाटै गरिन्छ ।

## नेपालको संसदीय अभ्यासमा नरहेका तर अन्तर्राष्ट्रिय प्रचलनमा रहेका केही प्रस्ताव

### १. अवरोधात्मक प्रस्ताव (Interpellation)

त्यस्तो प्रस्तावको अभ्यास स्विडेन, लिथुवानिया, इष्टोनिया जस्ता देशमा प्रचलित छ । कुनै मन्त्रीसँग खास नीतिको औचित्यता वा थप व्याख्याको माग गर्न यो प्रस्ताव पेश गर्ने चलन छ । कुनै खास लिखित वा मौखिक प्रश्नको जवाफबाट असन्तुष्ट सदस्यले यस्तो प्रस्ताव पेश गर्ने गरेको पाइन्छ । बेल्जियमको संसदमा यस्तो प्रस्ताव पेश गर्नुपरेमा सम्बन्धित दलको स्वीकृति लिनुपर्ने व्यवस्था छ । भारतको लोकसभामा पनि मौखिक वा लिखित प्रश्नको उत्तरबाट सन्तुष्ट हुन नसक्ने सदस्यले हप्ताको तीन दिन सोमबार, बुधबार र शुक्रबार आधा घण्टाको छलफलका लागि प्रस्ताव पेश गर्नसक्ने प्रावधान देखिन्छ ।

नेपालको संसदीय इतिहासका पानाहरू पल्टाउने हो भने राष्ट्रिय पञ्चायत नियमावली, २०३३ र वि.सं. २०४६ सालको परिवर्तनपछि गठित संसद अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभाका नियमावलीहरूमा भारतको लोकसभा जस्तै आधाघण्टाको छलफलका लागि प्रस्ताव पेश गर्न सकिने व्यवस्था गरिएको थियो । यसैगरी संविधान सभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० मा जरुरी सार्वजनिक महत्त्वको प्रश्नको रूपमा यस्तो व्यवस्था गरिएको थियो ।

### २. अस्वीकृत प्रस्ताव (Censure of Individual Minister)

लिथुवानिया, इष्टोनिया लगायतका विश्वका आठ देशका संसदमा सम्पूर्ण सरकार विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न सकिँदैन । सरकारका कुनै मन्त्रीविरुद्ध मात्र अस्वीकृत वा अविश्वासको प्रस्ताव पेश गर्न पाइन्छ । यस्तो प्रस्ताव पारित भयो भने सम्बन्धित मन्त्रीले या त राजीनामा दिनु पर्दछ या सरकारले त्यस्तो मन्त्री हटाई नयाँ मन्त्री नियुक्त गर्नु पर्दछ । लिथुवानियामा सरकारका आधाभन्दा बढी मन्त्रीहरू यसरी परिवर्तन भए भने सरकारले विश्वासको मत लिनु पर्ने वा राजीनामा दिनुपर्ने व्यवस्था रहेको देखिन्छ ।

### ३. प्रत्याह्वान प्रस्ताव (Recall)

अष्ट्रिया, आइसल्यान्ड, पलाउ, रोमानिया जस्ता देशका संसदमा त्यहाँका राष्ट्रपतिविरुद्ध प्रत्याह्वानको प्रस्ताव पेश गर्न सकिने व्यवस्था देखिन्छ । संसदमा त्यस्तो प्रस्ताव (Resolution) पारित भएमा त्यो प्रस्तावलाई जनमत सङ्ग्रह (Popular Referendum) मा लगिन्छ । जनमत सङ्ग्रहमा उक्त प्रस्तावले बहुमत प्राप्त गरेमा राष्ट्रपति पदमुक्त हुने व्यवस्था छ । अष्ट्रियाको संसद नेशन काउन्सिलले पारित गरेको यस्तो प्रस्ताव जनमतसङ्ग्रहमा अस्वीकृत भएपछि राष्ट्रपतिले संसद नै भङ्ग गरिदिएको दृष्टान्त पनि देखिन्छ ।

## संसदीय प्रस्तावको प्रभावकारितामा देखिएका चुनौती र सुधारका सम्भावना

सरकार स्वभावतः निरङ्कुश हुन्छ । देशको सेना, प्रहरी र प्रशासनको बागडोर सरकारको हातमा हुन्छ । आर्थिक स्रोत साधनहरू पनि उसकै अधीन हुन्छन् । शक्ति, साधन र स्रोतले उन्मत्त सरकार जनताका इच्छा, भावना र चाहानालाई कुल्चिँदै हिँड्न सक्दछ । यस्तो अवस्थामा जनभावनाको प्रतिनिधित्व गर्दै संसदले देश र जनहित विरोधी सरकारका कदमलाई जनहितकारी मार्गमा अग्रसर गराउने प्रयत्न गरिरहनु पर्दछ । लोकतन्त्र र निरङ्कुशतन्त्रबीचको भिन्नता पनि यही हो । लोकतन्त्रमा सरकारलाई त्यस्तो गलत दिशातर्फ लाग्न नदिने सशक्त संसद हुन्छ । तर निरङ्कुशतन्त्रमा यस्तो प्रभावकारी संसद हुँदैन र भएपनि सरकारको लाचार छायाँको रूपमा मात्र रहेको हुन्छ ।

सरकारलाई गलत मार्गमा लाग्नबाट जोगाउन संसदसँग विभिन्न विधि एवं औजार हुन्छन् । ती मध्ये प्रस्ताव सबैभन्दा गहकिलो र सशक्त औजार हो । सबैजसो संसदीय कार्यमा प्रस्तावको प्रयोग हुन्छ र जसको गुणात्मक प्रयोगले समग्र संसदको प्रभावकारिता र ओज वृद्धिमा योगदान पुऱ्याउँदछ ।

नेपालको संसदीय पद्धति र प्रक्रियालाई नियाल्दा निम्नानुसारका कारणले गर्दा प्रस्तावको प्रयोग आशातीत प्रभावकारी हुनसकेको देखिँदैनः-

**(क) प्रतिनिधित्व र सांसदको भूमिका मूल्याङ्कनमा देखिएको द्विविधा**

संसदीय कार्यभन्दा सम्बन्धित निर्वाचन क्षेत्रमा योजना र बजेट पार्नेजस्ता कार्यमा सांसदको अधिकतम समय व्यतित हुने गरेको देखिन्छ । सांसदले आफ्नो निर्वाचन क्षेत्रका जनताको प्रतिनिधित्व गर्ने हो वा समग्र राष्ट्रको प्रतिनिधित्व गर्ने हो, गम्भीर बहसको विषय बनेको छ । यस सम्बन्धमा विश्वमा दुई खालका मोडल देखिन्छन् । पहिलोलाई Free Mandate Model भनिन्छ । सांसदले सम्बन्धित निर्वाचन क्षेत्रको नभई समग्र राष्ट्रकै प्रतिनिधित्व गर्नुपर्ने कुरामा यसले जोड दिन्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने मुलुकमा यो मोडल बढ्ता उपयुक्त देखिन्छ ।

दोस्रोलाई Imperative Mandate Model भनिन्छ । यो मोडलले आफ्नो निर्वाचन क्षेत्रका जनताको प्रतिनिधित्व गर्ने कुरामा जोड दिन्छ । नेपालजस्तो प्रत्यक्ष र समानुपातिक दुवै खालका निर्वाचन प्रणाली अवलम्बन गर्ने मुलुकका सांसदले समग्र राष्ट्र र आफ्नो निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने कार्यलाई समन्वयात्मक रूपमा लैजानुपर्दछ । देश संघीयतामा गइसकेको विद्यमान अवस्थामा विकास निर्माणका कार्यहरूको जिम्मेवारी प्रदेश सरकार तथा स्थानीय तहलाई सुम्पेर संघीय संसदका सांसदहरूले राष्ट्रिय महत्त्वका विषयमा कानून निर्माण गर्ने तथा विभिन्न प्रश्न र प्रस्तावमार्फत् सरकारको समुचित निगरानी गर्ने कार्यमा आफ्नो अधिकतम समय व्यतित गर्नु पर्दछ । यसैगरी शून्य र विशेष समय, प्रश्न, ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव जस्ता औजार प्रयोग गरेर आफ्ना निर्वाचन क्षेत्रका जनताको चाहाना र भावनाको प्रतिनिधित्व पनि गर्न सकिन्छ । आफ्नो निर्वाचन क्षेत्रमा गरेको कार्यका आधारमा मात्र सांसदको मूल्याङ्कन गरिनु हुँदैन । कानून निर्माण, निगरानीजस्ता संसदीय कार्यमा खेलेको भूमिकाका आधारमा गर्ने सांसदको भूमिका र कार्य संपादन मूल्याङ्कन पद्धतिको विकास गर्नुको विकल्प देखिँदैन ।

**(ख) सत्तापक्षीय दलका सदस्यहरूको गलत बुझाइ**

सांसदहरूमा ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प दर्ता गरी सरकारलाई अप्ठ्यारोमा पार्नु हुँदैन, यस्तो कार्य प्रतिपक्षमा रहेका सदस्यहरूले मात्र गर्ने हो र सत्तापक्षकाले त सदैव सरकारले गरेका कार्यहरूको प्रतिरक्षा गर्नु पर्दछ भन्ने खालको बुझाइको विकास भएको पाइन्छ । यस्ता प्रस्ताव दर्ता गर्ने कार्यलाई खास मन्त्रीको कार्य सम्पादन क्षमताको विरोध गरेको अर्थमा बुझ्ने गरिएको पनि देखिन्छ । यस्तो बुझाइले न कुनै खास मन्त्रीको कार्य क्षमता बढ्छ न संसदीय पद्धति बलियो हुन्छ । सरकारको अस्तित्वलाई चुनौती दिने खालका

अविश्वास र महाभियोगको प्रस्ताव बाहेक सरकारलाई जवाफदेही बनाउने खालका ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्पजस्ता औजारहरूको अधिकतम प्रयोग गर्न सत्तापक्ष, प्रतिपक्ष सबैले आफ्ना सदस्यहरूलाई प्रोत्साहन गर्नुपर्छ । सबैभन्दा बढी प्रश्न, प्रस्ताव, सङ्कल्प, विधेयकमाथि संशोधन दर्ता गरी संसदीय कार्यमा योगदान गर्ने सांसदलाई पुरस्कृत गर्ने, सत्तापक्षका सांसद भए मन्त्रीमण्डल गठनमा प्राथमिकता दिने पद्धतिको विकास गर्न सकेमात्र साँचो अर्थमा जनताको प्रतिनिधित्व सुनिश्चित हुन गई लोकतान्त्रिक प्रणाली संस्थागत हुन पुग्दछ ।

**(ग) ह्विपको प्रयोग र सांसदको कार्य स्वायत्तता**

सांसदको कार्य स्वायत्तता र ह्विप प्रणाली परस्पर विरोधाभासपूर्ण अवधारणा हुन् । सांसदको स्वतन्त्रता र स्वयत्ततामा समुचित अङ्कुश लगाएर दलीय अनुशासन कायम गर्न ह्विप प्रणालीको विकास गरिएको हो । तर अत्यधिक मात्रामा ह्पिको प्रयोगले संसदको कार्य स्वायत्तता र जनताको प्रतिनिधित्व गर्ने जिम्मेवारीलाई गम्भीर आघात पुऱ्याउँछ । सरकारको अस्तित्वसँग जोडिएको गम्भीर विषय बाहेकका विषयमा सांसदहरूलाई स्वायत्त र स्वतन्त्रतापूर्वक काम गर्न दिने वातावरणको निर्माण गर्नु पर्दछ ।

**(घ) सांसदहरूको समुचित क्षमता विकासको अभाव**

शून्य र विशेष समयमा आफ्ना विषयहरू कसरी प्रस्तुत गर्ने, प्रश्न कसरी सोध्ने, प्रश्न र प्रस्तावको मस्यौदा कसरी गर्ने, विधेयकमाथि संशोधन कसरी पेश गर्ने भन्नेजस्ता विषयमा सांसदहरूलाई पर्याप्त अभिमुखीकरण गर्न नसकिएको कारणलेगर्दा चाहेर पनि सांसदहरूले संसदीय कार्यमा पर्याप्त भूमिका निर्वाह गर्न सकेका छैनन् । तसर्थ, संघीय संसद सचिवालय र सम्बन्धित संसदीय दलले आफ्ना सदस्यहरूलाई यस्ता विषयमा पर्याप्त अभिमुखीकरण गरी सांसदहरूमा संसदीय कार्यको सीप विकास गर्नुपर्ने देखिन्छ ।

**(ङ) दर्ता भएका अधिकांश प्रस्तावले सभामा प्रवेश नपाउने बढ्दो प्रवृत्ति**

सभामा छलफलको लागि दर्ता र पेश हुने प्रस्तावको सङ्ख्या वर्षेनी घटदै गएको देखिन्छ । २०१६ सालको प्रतिनिधि सभाका दुईवटा अधिवेशनमा कार्य स्थगन प्रस्ताव ११ र सङ्कल्प प्रस्ताव ४६ गरी ५७ वटा प्रस्तावहरू छलफल गरिएका थिए । महासभामा पनि ३९ वटा सङ्कल्पमाथि छलफल गरिएको थियो । संघीय संसदको चौथो अधिवेशन सम्ममा प्रतिनिधि सभातर्फ जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव ३६, ध्यानाकर्षण १० र सङ्कल्प सात गरी जम्मा ५३ वटा प्रस्ताव दर्ता भएका थिए । तीमध्ये जम्मा ६ वटा जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव र एउटा सङ्कल्प गरी सात वटाले मात्र सभामा प्रवेश पाए । दशवटा ध्यानाकर्षणमध्ये कुनै पनि सभामा पेश भएनन् ।

यस्तो तथ्याङ्कले सांसदहरूलाई संसदीय कार्यका लागि प्रोत्साहित गर्दैन । तसर्थ, जनप्रतिनिधिले जनताका पीर, मर्का र सरोकारका विषय समेटेर दर्ता गरेका प्रश्न र प्रस्तावहरू संसदमा अनिवार्यरूपले छलफल हुने स्थिति बन्नुपर्दछ ।

**(च) संसदप्रति सरकारको उदासिनता**

शून्य समय, विशेष समय, प्रश्नोत्तर र विभिन्न प्रस्तावहरूले उठाएका विषयमा सरकारको जवाफदेहिता र प्रतिकृया दर घट्दै गएको देखिन्छ । यसले गर्दा पनि संसदीय औजारप्रति सांसदहरूको रुचि घट्दै गएको हो । सभामा उपस्थित भई सदनमा उठेका विषयमा जवाफ दिने रुचि र उत्साह सरकारका मन्त्रीहरूमा घट्दै गएको पाइन्छ । संसदलाई सरकारको प्रतिपक्षी जस्तो ठान्ने र संसदबाट टाढै रहन चाहने प्रवृत्ति बढेको देखिन्छ । तसर्थ, जनताको समर्थन र मतले बनेको सरकारले जनताको सरोकारका विषयमा संसदमा उठ्ने विषयबाट भाग्ने होइन कि त्यसको समुचित जवाफ दिने प्रवृत्तिमा बढोत्तरी गरी संसदीय व्यवस्था र प्रणालीलाई मजबुत बनाउनु पर्दछ ।

**उपसंहार**

संसदको कुनै पनि कार्य सम्पादनमा प्रस्तावको महत्त्वपूर्ण भूमिका हुन्छ । कानून निर्माण गर्ने, जनताको प्रतिनिधित्व गर्ने, सरकारका कामकारवाहीको निगरानी गर्ने र सरकारलाई समुचित नियन्त्रण गरी संसदप्रति उत्तरदायी बनाउने जस्ता प्रमुख संसदीय कार्य प्रस्तावको सहयोगविना सम्भव हुँदैन । यति महत्त्वपूर्ण औजारको प्रभावकारितामा दिनानुदिन ह्रास आउँदै गएको यथार्थ तथ्याङ्कले बताउँछन् । आफ्नो निर्वाचन क्षेत्रमा बजेट र योजना पार्ने जस्ता कार्यमा सांसदको बढ्दो व्यस्तता, सांसदको क्षमता विकास गर्ने अभिमुखीकरण कार्यक्रमको अपर्याप्तता, दलीय ह्विप प्रणालीको कडा अङ्कुश जस्ता कारणले गर्दा प्रस्तावको ओज र महत्त्वमा गिरावट आएको हो । संसदमा उठाइएका विषयमा सरकार जति बढी जवाफदेही बन्दछ संसदीय प्रणाली त्यतिकै बलियो हुन्छ । संसदमा पेश भएका प्रश्न र प्रस्तावमाथि हुने छलफलले सार्वजनिक महत्त्वका विषयमा भए गरेका कार्य प्रगति र आइपरेका अप्ठ्याराहरूको बारेमा संसदमार्फत् जनतालाई जानकारी दिँदा सरकारको उचाइ घट्दैन । बरु सरकारप्रतिको जनविश्वासमा वृद्धि हुन गई संसदीय प्रणाली मजबुत हुन पुग्दछ ।

**सन्दर्भ सामग्री**

**नेपाली**

नेपालको संविधान (२०७२) ।

प्रतिनिधि सभा नियमावली, २०१६ ।

प्रतिनिधि सभा नियमावली, २०७५ ।

राष्ट्रिय सभा नियमावली, २०७५ ।

संविधान सभा (व्यवस्थापकिा-संसदको कार्यसञ्चालन) नियमावली, २०७० ।

संघीय संसद, संयुक्त बैठक र संयुक्त समति (कार्यसञ्चालन) नियमावली, २०७५

बृहत् नेपाली शव्दकोष, नेपाल प्रज्ञा प्रतिष्ठान ।


**अंग्रेजी**

Parliament Act, 1949, UK

Roberts Rule of Order Newly Revised, The Standard Code of Parliamentary Procedure.

Rules and Regulations of Lok Sabha, India

Tools of Parliament Oversight, Hironory Yamamato.

The Constitution Act, 1867, Canada